# लक्ष्मीपुर पतारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## महेशपुर पतारी, सिरहा

# आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम

**लक्ष्मीपुर पतारी गाउँपालिकाको गाउँसभाको दशौं अधिवेशन समारोहमा सहभागी हुनु भएका प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यूहरु, अतिथि ज्यूहरु, वडा अध्यक्ष ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिका सदस्य ज्युहरू तथा गाउँ सभाका सम्पूर्ण सभा सदस्य ज्यूहरु एवं सम्पूर्ण कर्मचारी ज्युहरू, संचारकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरुः**

1. नेपालको संविधान २०७२ अनुसार २०७३ सालमा स्थापित यस लक्ष्मीपुर पतारी गाउँपालिकाको गाउँसभाको नवौं अधिवेशनमा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुलाई म लक्ष्मीपुर पतारी गाउँपालिकाको गाउँपालिका अध्यक्ष तथा सभाको अध्यक्षको हैसियतले हार्दिक स्वागत गर्दै लक्ष्मीपुर पतारी गाउँपालिकाको चालु आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित बजेट संक्षिप्त रुपमा प्रस्तुत गर्न गईरहेको छु ।
2. यस घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ तथा विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, तराई मधेश र जेनजी आन्दोलनका क्रममा आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति निष्ठापूर्वक आफ्नो भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । दिवगंत आत्माको चीर शान्तिको कामनाका साथ सम्पूर्ण शहिद परिवार प्रति सम्मान व्यक्त गर्दछु । साथै विभिन्न चरणको आन्दोलनका क्रममा घाइते भई शारीरिक तथा मानसिक रुपमा अशक्त हुनु भएका व्यक्तिहरुप्रति हार्दिक सहानुभूति प्रकट गर्दै शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।
3. स्थानीय निर्वाचन २०७९ को परिणाम पछि यस गाउँपालिकामा पदस्थापना भएपछि निर्वाचित जनप्रतिनिधिहरुले आफूलाई साझा प्रतिनिधिको रुपमा चित्रण गर्नसक्ने गरी हामीले काम अगाडि बढाइरहेका छौं । भेदभावरहित, पक्षपातरहित र सबै वर्ग, समुदाय एवं तह तप्काका लागि जनप्रतिनिधि सुखदुखको साथी बन्नुपर्छ भन्ने साझा अवधारणाले हामीले पहिलो वर्ष देखि नै आफूलाई कुनै राजनीतिक दलको प्रतिनिधि होइन, एक साझा गाउँपालिका अध्यक्षको रुपमा आफूलाई अगाडि सारेर विकास निर्माणका साथै शिक्षा, स्वास्थ्य, रोजगार र समतामूलक समाज निर्माणमा आफूलाई समर्पित गरेका छौ । त्यसैले निर्वाचित भएदेखिको हामीले लिएको "***शिक्षा, कृषि, उद्यम,***

***पर्यटन र पूर्वाधार, स्वस्थ र समृद्ध लक्ष्मीपुर पतारी गाउँपालिकाको आधार"*** मूल नारालाई आफ्नो महान लक्ष्यतर्फ अगाडि बढ्ने मुल मन्त्रको रुपमा लिंदै गाउँपालिकाको विकासमा हामीले आफ्नो पाइला अगाडि सार्ने जमर्को गर्दै आएका छौं । यसका लागि केन्द्र र प्रदेशको सहयोगको आश गर्दै आउँदो समयमा गाउँपालिकाको चूनौति समाधान गर्न र गाउँपालिकाको सम्पूर्ण गतिविधिहरु व्यवस्थित रुपले अगाडि बढाउन आम जनसमुदाय, दातृ निकाय, कर्मचारीहरु, गाउँसभाका सदस्य ज्यूहरु, साझेदार सँस्थाहरु, सञ्चारकर्मी मित्रहरु र सम्पूर्ण महानुभावहरु प्रति सहयोग र सद्भावको आशा राखेको छु ।

4. लक्ष्मीपुर पतारी गाउँपालिका क्षेत्र भित्र कृषि, उद्योग, पर्यटन, पूर्वाधार, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, रोजगार र विभिन्न किसिमको लागुऔषध दुव्यर्सनमा परेका युवाहरुलाई दुव्यर्सनमुक्त गर्न विशेष किसिमका कार्यक्रम सञ्चालन गर्ने परिकल्पना स्वरुप चालु आर्थिक वर्ष २०८३/८४ सम्म आइपुग्दा चार वर्षको अवधिमा हामीले यसतर्फ विशेष फड्को मारेका छौं ।

अब म आ.व.२०८२/०८३ मा लिएका नीति तथा कार्यक्रमहरुको मुख्य उपलब्धीहरुको यस सभामा संक्षिप्त रुपमा समिक्षा गर्न चाहन्छु ।

**पूर्वाधार विकास तर्फ**

1. ८ किलोमिटर सडक ढलान
2. भूकम्प प्रतिरोधात्कम विद्यालय भवन निर्माण अन्तर्गत ज.न.ल.मा.वि.को २० कोठे भवन निर्माण, मा.वि.खरुक्याही, ला.च.आ.वि.पर्सा, आ.वि.रामपुर, आ.वि.देवाडी, आ.वि. सलोखरी, आ.वि. पथरगाडामा, मा.वि. सितापुर र अन्य विद्यालयहरुको भवन निर्माण गरिएको
3. ४ वटा सामुदायिक भवन निर्माण गरिएको
4. यस पालिकामा पर्यटनको विकास तथा प्रबर्द्धनको लागि हरिसिंहदेव मन्दिर निर्माण गरिएको
5. मन्दिर तथा मस्जिद् निर्माण मार्फत सांस्कृतिक प्रबर्द्धनको विकास गरिएको

6. ६ थान पावर लाईट जडान
7. १० किलोमिटर कृषि सडक निर्माण
8. सार्बजनिक पोखरी सौन्दर्यकरण तथा संरक्षणका लागि ११ वटा घाट र रिटेनिङ्ग वाल निर्माण गरिएको
9. शुद्ध खानेपानीका लागि चार वटा वडाहरुमा पाईपलाईन सहितको वडा नं. २ मा ओभरहेड ट्याङ्कीको निर्माधिन रहनुका साथै बिभिन्न वडाहरुमा २५० वटा चापाकल जडान गरिएको
10. सर्पदंश अस्पताल भवन निर्माणका लागि डिपिआर तयार गरि संघीय सरकार समक्ष बजेटको लागि पेश गरिएको ।
11. यस पालिका भित्रका प्रमुख धार्मिक स्थल, मन्दिर, मस्जिद्, थानहरुको सौन्दर्यकरण र संरक्षण गरिएको
12. अति गरिब परिवारका लागि साझा सुबिधा केन्द्र स्थापना गरिएको
13. महेन्द्र राजमार्ग देखि हुलाकी सडक र बरियारपट्टी –मेदनीपुर सडक खण्ड निर्माण कार्य सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गरि ६ किलोमिटर कालोपत्रे सडक निर्माण सम्पन्न भएको
14. विद्यापति मार्ग छपराडी –नरगी बडहरी सडक खण्ड विस्तार कार्यमा प्रमुख भुमिका निर्वाह गरि ६ किलोमिटर कालोपत्रे सडक निर्माण सम्पन्न भएको

**कृषि क्षेत्र तर्फ**

1. यस लक्ष्मीपुर पतारी गाउँपालिका भित्रका किसानहरुको लागि सिंचाई प्रयोजनार्थ कृषि विधुतिकरण र १० थान नयाँ ट्रान्सपर्मर जडान भएको
2. यस पालिका भित्रका किसानहरुको कृषि विधुत महशुल भुक्तानी गरेको
3. सप्रोस नेपाल र गाउँपालिकाको आफ्नो लगानीमा कृषि उपज संकलन केन्द्र लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं.२ पोखरभिण्डामा निर्माण सम्पन्न भई ३०० घर धुरीमा जम्मा १५०० जना प्रत्यक्ष लाभान्वित भएको

4. कृषि क्षेत्रलाई थप प्रभावकारी र व्यवसायमूखी गर्न लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं.२ पोखरभिण्डामा कस्टम हायरिङ्ग सेन्टर निर्माण सम्पन्न गरिएको
5. निःशुल्क तथा ५० प्रतिशत अनुदानमा किसानहरुलाई गहुँ बिउ बितरण, घाँस बिउ बितरण,
6. आधुनिक खेती प्रणालीको लागि किसानहरुलाई तालिम मार्फत क्षमता अभिबृद्धि गराईएको
7. माटो परिक्षणको लागि मिनि ल्याबको व्यवस्था
8. किसानहरुका लागि तरकारी खेती गर्नका लागि निःशुल्क बिउ बिजन बितरण गरेको

**<u>पशु विकास तर्फः</u>**

1. निःशुल्क पशु स्वास्थ्य शिविर संचालन गरी २००० पशुहरुलाई सेवा दिईएको
2. यस पालिका भित्रका २० ओटा पशुपालन फर्महरुलाई औषधि बितरण गरिएको
3. जुनेटिक रोग सम्बन्धि सचेत्नात्मक कार्यक्रम मार्फत स्कूल शिक्षा कार्यक्रम संचालन २०० विधार्थीहरुलाई प्रशिक्षण प्रदान गरिएको
4. किसानहरुलाई १५०० के जी टियसेन्टी घाँस वितरण गरिएको
5. माछापालन मार्फत आर्थिक रुपान्तरणका लागि किसानहरुलाई माछाका भुरा खरिद गरिएको
6. २५ पशुहरुलाई निशुल्क रेविज भ्याक्सिन वितरण
7. कृतिम गर्भाधान कार्यक्रम अन्तर्गत २७५ गाई भैंसीलाई नश्ल सुधार गरिएको
8. ५००० पशुपालक किसानहरुलाई निःशुल्क औषधि वितरण गरिएको
9. ९००० पशुहरुमा भ्याक्सीनेशन कार्यक्रम संचालन गरिएको

**<u>सामाजिक विकास, संस्कृति तथा पर्यटन तर्फ</u>**

1. बिभिन्न सीपमुलक तालिम संचालन मार्फत लक्षित बर्गहरुलाई सीप प्रदान तथा क्षमता अभिबृद्धि
    - २५ जनालाई Home Appliance मर्मत सम्बन्धि तालिम संचालनमा रहेको
    - २० जना महिलाहरुका लागि अचार बनाउने सीपमुलक तालिम संचालनमा रहेको
2. यस पालिका भित्रका युवाहरु लाई आत्मनिर्भर र उद्यमशिल बनाउन बिभिन्न सीपमुलक तालिम संचालनमा रहेको
    - २५ जना युवाहरुका लागि पलम्बिङ्ग तालिम
    - २५ जना महिलाहरुलाई लहठी चुरा बनाउने तालिम संचालनमा रहेको
3. समाजमा विद्यमान समाजिक वेतिथि तथा भेदभाव न्यूनिकरणका लागि सडक नाटक आयोजना गरि सचेतना फैलाईएको
4. लागु पदार्थ दुर्व्यसनमा सम्बन्धी युवाहरुलाई सचेतनात्मक कार्यक्रम संचालन गरिएको
5. गाउँपालिका भित्र गुणस्तरिय र दिगो निर्माण कार्यको लागि Mason डकर्मी सम्बन्धि तालिम संचालनमा रहेको
6. यस पालिका भित्र अवस्थित रहेका धार्मिक तथा पर्यटन क्षेत्र गढीमाई मेला महोत्सव, राजा हरसिंहदेव मन्दिर तथा पतारी मेला , ढङ्गरनी मेला महोत्सव माँ बौकी देवी मन्दिर मेला महोत्सव हजारी माई मन्दिरमा मेला लगायत पर्यटकीय क्षेत्रहरुको जगेर्ना, विकास, संरक्षण तथा सम्बर्द्धन गर्ने क्रियाकलाप संचालन गरिएको

**<u>स्वास्थ्य क्षेत्र तर्फ</u>**

1. xfn ;Dd dlxnf 11691 / k"?if 7012 ul/ hDdf 18703 ;]jfu|fxLx? nfO{ :jf:Yo ;+:yfx?df btf{ ul/ ljleGg ;]jfx? k|bfg ul/Psf] % .
2. afnaflnsfx?n] ;+a}wfgLs Joj:yf cg";f/ kfpg"kg]{ ljleGg vf]kx? 523 hgf gof¤ afnaflnsfx? tyf ljut b]lv nufpb} cfPsf yk ul/ hDdf 575 hgf afnaflnsfx?nfO{ ;Dk')f{ vf]kx? nufO{ k')f{vf]k kflnsf ;"lglZrttf tyf lbuf]kgf sfod /flvPsf]% .

3. ue{jtL dlxnfx?sf] lgoldt hf¤r a(fpg tyf k|;"tL ;dodf x"g] hf]lvd kQf nufO{ dft[d[To" tyf lzz"d[To" sd ug{ u|fldg cN^«f;fp)* ;]jf ;Grfng ul/Psf]% . xfn ;Dd hDdf 88 hgf ue{jtL dlxnfx?nfO{ pQm ;]jf k|bfg ul/Psf]% .
4. kf&]#/ d"vsf] SofG;/ x"g glbgsf] nfuL cleofg ;+rfng ul/ 1659 hgf lszf]/Lx? nfO{ HPV EoflSl;g nufOof] .
5. ljleGg :jf:Yo rf}sLx? dfkm{t ;]jfu|fxLx? nfO{ kfos kg]{ ul/ ufp¤kflnsf cGtu{t ljleGg 14 :yfgx?df ufp¤#/ lSlnlgs tyf 21 :yfgx?af^ vf]k ;]jfx? x/]s dlxgf ;+rfng ul/ ;]jf k|bfg ul/Psf] % .
6. 16 hgf ljleGg Ifo/f]usf lj/fdLx? kQf nufO{ pkrf/ k$tLdf NofPsf] % . ljut jif{df kQf nfu]sf 71 k|ltzt nfO{ lgsf] kfl/Psf] % ।
7. dWod s"kf]if)f tyf s]lx s*f s"iff]lift afnaflnsfx? kQf nufO{ cfjZos Joj:yfkg ul/Psf] % . afnaflnsfx?sf] cf}ift tf}n k^sdf a[l$ eO{ kf]if)f cj:yfdf ;"wf/ NofOPsf] % .
8. 567 hgf gof¤ ue{jtLx? btf{ ul/ lgoldt ?kdf :jf:Yo kl/If)f ub{} hDdf 300 hgfnfO{ 8 k^s ue{hfr ;]jf tyf 408 hgf gof¤ ;"Ts]/Lx? btf{ ul/ lgh dlxnfx? nfO{ cfjZoStf cg";f/ cfO/)f kmf]lns tyf Sofnl;od rlSsx? jif{} el/ ljt/)f ulPsf]% . ;"Ts]/L tyf gjlzz" :ofxf/sf nfuL #/e]^ ul/ 408 hgf ;"Ts]/Lx?nfO{ ;]jf pkrf/ ul/Psf] % .
9. aly{é ;]G^/x? af^ xfn ;Dd 69 hgf ue{jtLx?nfO{ ;"/lIft k|;"tL ;]jf k|bfg ul/ lghx?nfO{ ;dod} oftfoft vr{ tyf Gofgf] emf]nf ljt/)f ul/Psf] % .
10. ljut nfdf] ;do b]lv ;]jf lbb} cfPsf / pd]/ k"u]sf dlxnf ;fd"bflos :jf:Yo :jo+ ;]ljsfx? nfO{ ; ;Ddfg ljbfO{ ul/ gof¤ %gf}^ tyf tflnd lbO{ /fli^«o le^fldg P nufotsf ljleGg cleofg / sfo{s|dx? ;+rfng ul/of] .
11. 390 hgf gof¤ ;]jfu|हीx?nfO{ kl/jf/ lgof]hgsf ljleGg c:yfoL ;fwgx? ljt/)f ul/Psf] % tyf 19 hgf dlxnfx?nfO{ :yfoL aGWofs/)f ;]jf lbOPsf] % .
12. 7249 hgf dlxnf / 5487 hgf k"?if ul/ hDdf 12736 hgf ;]jfu|fxLx?nfO{ ljभिन्g k^sx?df lgMz"Ns cf}ifwL ljt/)f ul/Psf] % .
13. o; cf=j=df xfn ;Dd blnt 4463,hghftL 2094, dw]zL 6979, d"l:nd 1741 / a|fDxg.If]qL 24 hgf ul/ hDdf 15301 hgf ;]jfu|fxLx? nfO{ ljleGg :jf:Yo ;]jfx? k|bfg ul/Psf] % .
14. स्वास्थ्य संस्थाहरुबाट उत्पादन हुने फोहरमैला व्यवस्थापनको लागि आवश्यक पूर्वाधार निर्माण गरिएको
15. यस गाउँपालिका भित्रका विभिन्न दिर्घरोगीहरु मुटु रोग, मृगौला रोगी तथा क्यान्सर लगायत गरि जम्मा ३० जना बिरामीहरुलाई रु १ लाख सम्मको निःशुल्क उपचारको लागि विभिन्न अस्पतालहरुमा सिफारिस गरिएको छ ।

16. यस आ.व.मा जम्मा २३ जना विप्पन दिर्घरोगीहरुलाई मासिक रु ५ हजारका दरले उपचार खर्च उपलब्ध गराईएको छ ।
17. गर्भवति महिलाहरुलाई प्रसुती सेवाका लागि दुबै बर्थिङ्ग सेन्टरहरुसम्म निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ ।
18. प्रजनन रुग्णता अन्तर्गत पाठेघरको मुखको क्यान्सर,आंग खस्ने,फिस्टुला तथा स्तन क्यान्सरको लागि स्क्रिनिङ्ग गरि अप्रेशन आवश्यक भएका महिलाहरुलाई उचित स्थानमा सिफारिस गरिएको छ ।

**<u>शिक्षा क्षेत्र तर्फ</u>**

1. किशोरी शिक्षा कार्यक्रममार्फत विद्यालय बाहिर रहेका २८० जना किशोरीहरुलाई विद्यालय भर्ना गरियो ।
2. बालबालिकाको आपाङ्गताको प्रारम्भिक पहिचान सम्बन्धी कार्यक्रम मार्फत २२ जना शिक्षकलाई क्षमता विकास गरी प्रारम्भिक बालविकास देखि ३ सम्मका 2७०० विद्यार्थीहरुको प्रारम्भिक आपाङ्ता पहिचान कार्य सम्पन्न गरियो ।
3. प्रारम्भिक बालविकास कक्षाका विद्यार्थीहरुको सिकाईमा सुधारका निम्ति ३४ जना बालविकास सहजकर्ता शिक्षकहरुको क्षमता विकास तालिम सम्पन्न गरियो ।
4. आधारभूत तह (कक्षा १ - ३) सम्म अध्यापन गराउने ३० जना शिक्षकहरुलाई एकीकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालिम सञ्चालन गरी क्षमता विकास गरियो।
5. सामुदायिक विद्यालयमा ।T सम्बन्धि कार्य गर्ने २२ जना शिक्षकहरुलाई ।T स्रोत शिक्षक सम्बन्धी क्षमता विकास तालिम दिई क्षमता अभिवृद्धि गरियो ।
6. यस गाउँपालिका भित्र संचालित सामुदायिक तथा परम्परागत\मदरसा विद्यालयहरूमा विद्यालय सन्चालन, व्यवस्थापन र रेखदेख गर्न विद्यालय व्यवस्थापन समिति सोहार्दपूर्ण वातावरणमा गठन गरियो र बाँकी एउटा विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रक्रियामा रहेको।

7. समयमा नै शिक्षकहरुको वृत्तिविकासका निम्ती कार्यसम्पादन मूल्याङ्कन लगायत अन्य कार्य सम्पन्न गरिको
8. यस गाउँपालिकाको शैक्षिक व्यवस्थापनका निम्ती १० वर्षे गाउँ शिक्षा योजना र Education profile निर्माण तथा अध्यावधिक गरिएको।
9. स्थानीय विषयवस्तु बारे शिक्षण सिकाइ होस् भन्ने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण गरिएको।
10. ५४ जना बालविकास सहजकर्ता र विद्यालय कर्मचारीलाई कार्यप्रति उत्साहित गर्न प्रोत्साहन स्वरुप गा.पा.बाट थप रु ७०००/- मासिक तलवभत्ता लाई निरन्तरता गरिएको
11. USAID र गाउँपालिकाको सहकार्यमा EGL कार्यक्रम मार्फत १६ वटा सामुदायिक विद्यालयहरूमा कक्षा १-३ सम्मको कक्षाकोठा व्यवस्थापन कार्य गरिएको
12. आवश्यकता अनुसार गाउँपालिका स्तरीय .प्र.अ. बैठक तथा तालिममार्फत सम्पूर्ण प्र.अ. हरुको नेतृत्व तथा एकिकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली क्षमता सम्बन्धी क्षमता अभिबृद्धि गरिएको।
13. यस गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण विद्यालयहरुको शैक्षिक गतिविधिमा एकरुपता कायम गर्नका निम्ती वार्षिक शैक्षिक क्यालेण्डर निर्माण तथा व्यवस्थापन गरिएको
14. श्री जनता डोमी चौधरी मा.वि.(प्रा.) पोखरभिण्डा पर्साका शैक्षिक व्यवस्थापनका निम्ति १५ लाख अनुदान प्रदान गरिएको,
15. खेलकुद विकासको लागि विभिन्न अध्यक्ष कप, उपाध्यक्ष कप प्रतियोगिताहरुको संचालन गरिएको।
16. यस गाउँपालिका भित्र रहेका निरक्षरहरुलाई साक्षर बनाउनका निम्ति साक्षर अभियान कार्यक्रम संचालन गरिनेछ

**<u>आयुर्वेद स्वास्थ्य क्षेत्र तर्फः</u>**

1. निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर संचालन मार्फत ६५५ जना बिरामीहरुलाई उपचार तथा औषधि वितरण गर्ने लक्ष्य राखिएको

2. विद्यालय आयुर्वेद शिक्षा तथा योग कार्यक्रम मार्फत १२७ जना विद्यार्थीहरुलाई आयुर्वेद र योग सम्बन्धि अन्तर्क्रिया कार्यक्रम संचालन गरिएको
3. ६१४५ जना बिरामीहरुलाई निःशुल्क आयुर्वेद उपचार तथा औषधि वितरण गरिएको
4. ४७१जना ज्येष्ठ नागर४क तथा स्तनपायी आमाहरुलाई विशेष सेवा प्रदान गरिएको
5. आयुर्वेद अस्पताल निर्माणको लागि डिपिआर तयार भई संघीय सरकारमा पेश भएको

**<u>सुशासन क्षेत्र तर्फः</u>**

1. प्रभावकारी रुपमा सेवा प्रवाहको लागि यस पालिकामा कार्यरत कर्मचारीहरुको लागि क्षमता अभिबृद्धि, सुशासन तथा सार्बजनिक खरिद प्रकृया सम्बन्धि तालिम प्रदान
2. छिटो छरितो र गुणस्तरीय सेवा प्रवाहको लागि आईसिटीको प्रयोग गरिएको
3. सुरक्षा डिजिटल अनुगमनका लागि सिसिटिभि जडान गरिएको
4. बिभिन्न Software हरुको प्रयोग मार्फत अनलाईन सेवा प्रवाहको व्यवस्था मिलाईएको
5. O & M सर्भे गरि कर्मचारी व्यवस्थापन सम्बन्धी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत प्रदेश किताब खानामा दर्ताको लागि पठाईएको
6. १८ जना कर्मचारीहरुको स्तरबृद्धि भईसकेको र २ जना कर्मचारीहरुको स्तर वृद्धि प्रक्रियामा रहेको
7. Digital Mapping Profile तयारी भईसकेको
8. मध्मकालिन खर्च संरचना तयारी भई कार्यान्वयनमा रहेको
9. प्रभावकारी सेवा प्रवाहको लागि वडा कार्यालय, स्वास्थ्य चौकी तथा शाखा व्यवस्थपनको लागि फर्निचर, मेशिनरी औजार, ईन्भर्टर ब्याट्री लगायतका सामग्रीहरु आपूर्ति भईरहेको

10. कार्यालयमा सुशासन कायमा गर्न आन्तरिक नियन्त्रण प्रणाली लगायत बिभिन्न कार्यविधि बनाईएको
11. Digital Health eHMIS प्रणाली संचालन भई कार्यान्वयनमा रहेको
12. CCIMS अनलाईन मार्फत नागरिक्ता सिफारिस प्रत्येक वडामा सुचारु रहेको
13. विभिन्न वडा कार्यालयहरुबाट सम्पादन भएका कृयाकलापहरुः
    - नाता प्रमाणित ५३५
    - घरबाटो सिफारिस १००५
    - सनाखत सिफारिस २४८
    - जग्गा नामसारी सिफारिस २०३
    - मोही लगत कट्टा सिफारिस ८७
    - जातिय सिफारिस ३६९
    - साधारण सिफारिस २५७९
    - नागरिक्ता सिफारिस ९६२
    - चार किल्ला प्रमाणित ५६०
    - विधुत सिफारिस ५६१
    - जन्म बसोवास सिफारिस ९९५
    - अन्य सिफारिस ३३७३

**<u>श्रम तथा रोजगार तर्फः</u>**

1. २० जना बैदेशिक रोजगारबाट फर्किएका ब्यक्तिहरुलाई सीपयुक्त तथा स्वरोजगार उन्मुख गराउन ७ दिने उद्यम शिलता प्रबर्धन तालिम संचालन गरिएको
2. २३० जना सूचिकृत बेरोजगार ब्यक्तिहरुलाई कामका लागि पारिश्रमिक योजना मार्फत रोजगारी प्रदान गरिएको

3. १५० जना बैदेशिक रोजगारमा जाने ब्यक्तिहरुलाई श्रम स्विकृति प्रदानमा सहजीकरण गरिएको
4. २२ जना बैदेशिक रोजगारमा मृत्यु तथा अङ्गभङ्ग भएका मृतकका छोराछोरीहरुलाई छात्रवृति प्रदान गराईएको
5. १० जना बैदेशिक रोजगारमा मृत्यु तथा अङ्गभङ्ग भएका मृतकका परिवारलाई आर्थिक सहायता प्रदान गराईएको
6. १८ जना बैदेशिक रोजगारको शिलशिलामा मृत्यु भएका ब्यक्तिहरुको बालबालिकाहरुलाई बैदेशिक रोजगार सन्तती छात्रवृती प्रदान गरिएको

**उद्यम विकास तर्फः**

1. १५ जना लघु उद्यमीहरुलाई प्रविधि हस्तान्तरण
2. १५ जना उद्यमीलाई स्तरोन्नती तालिम प्रदान गरिएको
3. १५ जना नयाँ उद्यमीहरुलाई उद्यमशिलनता विकास तालिम प्रदान गरिएको
4. १५ जना नयाँ उद्यमीहरुलाई प्राविधिक सीपमूलक तालिम प्रदान गरिएको
5. उद्यमीहरुको लागि वडा नं. ४ मा साझा सुबिधा केन्द्र संचालनमा रहेको

**सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फ**

1. ५५१५ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको
2. हाल सम्म व्यक्तिगत घटना दर्ताको दर ८० % रहेको
3. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि बायोमेट्रिक रुजु शिविर संचालन गरी सासु विवरण बायोमेट्रिक रुजु गरिएको
4. व्यक्तिगत घटना दर्ताको पूर्णता मापन तथा घोषणा कार्यक्रम सम्बन्धि कार्य गरिएको
5. सामाजिक सुरक्षा भत्ता पूर्ण रुममा EFT मार्फत वितरण भईरहेको

**न्यायिक समिति तर्फ**

1. न्यायिक समिति मार्फत ५२ उजुरी फर्छ्यौट गरी न्याय सम्पादन गरिएको
2. न्यायिक समिति क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ

3. जनता सँग न्याधिस कार्यक्रम संचालन गरिनेछ
4. वडा मेलमिलाप केन्द्र व्यवस्थापन तथा अन्य कार्यक्रम गरिनेछ।

**महिला, बालवालिका तथा ज्येष्ठ नागरिक तर्फ**

1. २८ जना शारिरीक रुपले अशक्त लाभग्राहीहरुलाई अपाङ्गता परिचय पत्र वितरण गरिएको
2. यस गाउँपालिका भित्र रहेका प्रत्येक वडामा बाल क्लव गठन गरिएको
3. यस गाउँपालिका भित्र रहेका प्रत्येक वडा तथा गा.पा.स्तरीय बाल संञ्जाल गठन गरिएको

वातावरण सरसफाई तथा विपद् व्यवस्थापन तर्फ

1. आर्थिक रुपले अति कमजोर, आगलागि, अशक्त बिरामीहरुलाई उद्धार राहत कोषबाट आर्थिक सहयोग प्रदान गरिएको
2. गाउँपालिकामा विपद् व्यवस्थापन केन्द्र स्थापना तथा व्यवस्थापन भईरहेको
3. सरसफाई तथा मलको लागि मानव मलमूत्र संकलन तथा प्रशोधन केन्द्रको स्थापना भएको
4. विपद् पोर्टलमा विपद् सम्बन्धी कृयाकलापको अनलाईन प्रविष्टि भएको ।

**सम्मानित समारोहमा उपस्थित महानुभावहरु**,

अब चालु आव.. २०८२।०८३ को हाल सम्मको यथार्थ आय व्यय र अगामी आ-.व. २०८३।०८४ को अनुमानित आय व्यय विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहान्छु-।

गत आ.व. २०८२।८३ को नवौं गाउँ सभाबाट चालु आ.व. २०८२।८३ का लागि रु. ४९ करोड ५९ लाख ८९ हजार ८ सय १५ प्रस्तावित गरिएकोमा हाल सम्म प्राप्त हुन आएको रकम मध्ये २०८३ हाल सम्म चालु तर्फ रु. २२ करोड ५२ लाख २५ हजार ७०% खर्च भएको छ भने पूँजिगत तर्फ रु. १२ करोड १२ लाख ७५ हजार ४०% खर्च भई कुल बजेट ६३ करोड मध्ये हालसम्म रु. ३४ करोड ६५ लाख ५५% खर्च भएको छ ।

**आगामी आ.व. २०८३।०८४ को लागि यस गाँउपालिकाको अनुमानित बजेट यस प्रकार रहेको छ ।**

1. संघीय सरकार बाट प्राप्त राजस्व बाँडफाँड रकम रु. ९ करोड २३ लाख ३३ हजार।
2. संघीय सरकारबाट बित्तिय समानिकरण अनुदान रकम रु. १० करोड १ लाख ।
3. संघीय सरकार शसर्त अनुदान रकम रु. १८ करोड ८५ लाख ।
4. संघीय सरकार समपुरक अनुदान रकम रु. ४० लाख ।
5. संघीय बिशेष अनुदान ३ करोड ३० लाख ।
6. मधेश प्रदेश वित्तिय समानिकरण अनुदान रकमरु. ६८ लाख १८ हजार ।
7. गा.पा.को आन्तरिक राजस्व रकम रु. ५० लाख ।
8. मालपोत रजिष्ट्रेसन रकम २५ लाख ।
9. कुल जम्मा अनुमानित आय रकम रु. ४३ करोड २२ लाख ५१ हजार ।

**आगामी आ.व. २०८३।८४ को लागि यस गाँउपालिकाको अनुमानित व्यय (खर्च) यस प्रकार रहेको छ ।**

1. चालु बजेट खर्चको लागि रु. ९ करोड ९८ लाख ३३ हजार ।

2. पुँजिगत  बजेट खर्चको लागि रकम रु .१० करोड ६९ लाख १८ हजार ।
3. सशर्तको लागि तोकिएको रकम रु. १८ करोड ८५ लाख ।
4. संघिय सरकार समपुरक अनुदान रकम रु. ४० लाख ।
5. संघीय बिशेष अनुदान ३ करोड ३० लाख।
6. कुल जम्मा अनुमानित व्यय रकम रु.४३ करोड २२ लाख ५१ हजार

## लक्ष्मीपुर पतारी गाउपालिको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम

पूर्वाधार एवम् शहरी विकास

1. आर्थिक वर्ष २०८३/८४ सम्ममा थप ६ किलोमिटर पक्की सडक, १ वटा वडा कार्यालय भवन, एवं स्थानीय गौरवको आयोजना राजा हरसिंहदेव मन्दिर, ज.न.ल.मा.वि. लक्ष्मीपुरको विद्यालय भवन निर्माण सम्पन्न गरिनेछ ।
2. फुसको घर विस्थापन गरि जस्ताको छानोमा परिणत गरिने कार्यक्रम प्राथमिकता दिईने छ ।
3. पतारी बजार क्षेत्रलाई सौन्दर्यकरण गरिनेछ ।
4. वडास्तरमै बजेट व्यवस्था मिलाई मौजुदा शाखा प्रशाखा सडकहरुको स्तरोन्नति गरी स्तरीय सडक संजाल तयार गरिनेछ ।
5. वडाबासीलाई वडास्तरबाट प्राप्त हुने सेवा सुविधालाई सरल र सहज बनाउन बडागत रुपमै वडा नं. २ मा वडा कार्यालय को निर्माण कार्य अगाडि बढाईनेछ ।
6. उपभोक्ताहरुको अधिकतम श्रमदान तथा लागत सहभागितामा संचालन हुने योजनाहरुलाई प्राथमिकतामा राखी कार्यन्वयनमा ल्याइनेछ ।
7. सार्वजनिक जग्गा र सडक अधिकार क्षेत्रको संरक्षणमा विशेष जोड दिईनेछ ।
8. शहरी योजना तथा भवन निर्माण मापदण्ड) Building Bye-laws) र राष्ट्रिय भवन संहिता (National Building Code) बमोजिम भूकम्प प्रतिरोधात्मक घर/भवन निर्माण कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

9. प्रत्येक पालिकावासीलाई आधारभूत स्वास्थ्य सेवामा सरल र सुलभ पहुँच प्रभावकारी रुपले अगाडि बढाईनेछ ।

**<u>शिक्षा, युवा तथा खेलकुद विकास</u>**

१०. गाउँपालिका भित्र रहेका विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकाहरु विद्यालय बाहिर नरहने गरी विद्यालय भर्ना अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।

११. सामुदायिक विद्यालयको कक्षा १ देखि ५ सम्मको बालबालिकाहरुको लागि आवश्यक पर्ने कापी  पेन्सिल कट्टर इरेजर वितरण कार्य गरिनेछ ।

१२. विद्यालय अनुगमनलाई प्रभावकारी बनाउनका लागी नमुनाको रुपमा विद्यालयमा सि.सि .क्यामरा जडान गरिनेछ ।

१३. प्राविधिक, सिपमूलक तथा व्यवसायमूखी शिक्षामा जोड दिन विद्यालयमा शैक्षिक क्यालेण्डर बमोजिम प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप सँगसँगै विभिन्न किसिमका सीपहरु सिकाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. दण्ड तथा हिंसारहित सिकाई वातावरणको श्रृजना गरी बालमैत्री शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरिनेछ ।

१५. शिक्षण कार्यमा ICT को पहुँच बढाउदै प्रविधि मैत्री शिक्षा अवलम्बन गरिनेछ ।

१६. प्रविधि मैत्री कक्षाकोठा व्यवस्थापन गर्न प्रत्येक मा. वि. मा स्मार्ट बोर्ड जडान गरिनेछ।

१७. सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धि गर्न तथा सामुदायिक विद्यालय प्रति विद्यार्थीहरुको आकर्षण बढाउन विद्यालय अनुगमन कार्यलाई निरन्तरता दिनेछ ।

१८. पठन पाठन कार्यका लागि अभिभावकहरुलाई बढी जिम्मेबार बनाउन टोल टोलमा अभिभावक सचेतना मूलक कार्यक्रम गरिनेछ ।

१९. विद्यालयको नयाँ बन्ने भौतिक निर्माण कार्यहरु बालमैत्री लैङ्गिकमैत्री आपाङ्गमैत्री तथा वातावरणमैत्री बनाइनेछ ।

२०. शिक्षकहरुको पेशागत दक्षताका लागि क्षमता विकास तालिम, शैक्षिक सामाग्री निर्माण तालिम र प्र.अ. तथा लेखा कर्मचारीका लागि व्यवसायिक क्षमता अभिवृद्धिका कार्यक्रम साथै IEMIS व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२१. विद्यालयको लेखा परीक्षण तथा समाजिक परीक्षणलाई पारदर्शिता एवम् यथार्तमूखि बनाउन प्रोत्साहित गरिने छ ।

२२. अभिभावकहरुको माग र आवश्यकता अनुसार समुदायिक विद्यालयहरुमा कक्षा १ देखि १० सम्म अंग्रेजी माध्यमबाट पठन पाठन सञ्चालन गर्ने कार्यक्रमलाई प्रोत्साहन गर्दै लगिनेछ ।

२३. विद्यालयमा प्रदत कम्प्यूटर ल्यापटप तथा मल्टिमिडियाबाट प्रदान गरिने सूचना तथा पठन पाठनका लागि बैकल्पिक विद्युतिय उर्जाको लागि विभिन्न संघ संस्थाहरुसँग साझेदारी गरिनेछ ।

२४. बालबालिकाको पोषण स्तरमा सुधार ल्याउन र शैक्षिक सत्र पुरा नगरी बिचमा नै कक्षा छोड्ने समस्या सामाधान गर्न सामुदायिक विद्यालयका कक्षा ५ सम्मका सबै बालबालिकाहरुलाई विद्यालय समयमा ६ दिनमा ६ प्रकारको दिवाखाजा खुवाउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२५. साक्षर गाउँपालिका घोषणा गर्न अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै यसमा सामुदायिक विद्यालयहरुलाई समेत परिचालन गराईनेछ ।

२६. गाउँपालिका क्षेत्रभित्र रहेका संस्थागत विद्यालयले शिक्षा क्षेत्रमा पुर्याएको योगदानको उच्च कदर गर्दै त्यहा रहेको प्राज्ञिक ज्ञान सिप कला र क्षमतालाई सामुदायिक विद्यालयमा उपयोग गर्न समन्वय र सहकार्य गरिनेछ ।

२७. अध्यक्ष कप तथा वडा स्तरिय र गाउँपालिका स्तरिय तथा गा.पा.स्तरीय अन्तर विद्यालय खेलकुदका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

२८. स्थानिय पाठ्यक्रम निर्माण गरि गाउँपालिका भित्रका ऐतिहासिक तथा पुरातात्विक स्थानहरुको बारेमा विद्यालयमा शिक्षण गरिनेछ ।

२९. स्थानिय तहको साझेदारीमा भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

३०. सामुदायिक विद्यालयहरुको बाउण्ड्रीवाल निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

३१. गुणस्तरिय शिक्षाको प्रत्याभुति गर्ने उद्देश्यले यस गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक धार्मिक तथा संस्थागत विद्यालयहरुको कक्षा ८ को गाउँपालिका स्तरिय वार्षिक परीक्षा सञ्चालन गरि गाउँपालिकाबाटै उत्तरपुस्तिका परीक्षण गरी नतिजा प्रकाशन गर्ने कार्य गरिनेछ ।साथै अन्य कक्षाको परीक्षा कार्यक्रमहरु सम्बन्धित विद्यालयमा नै गाउँपालिकाबाट परीक्षा सामाग्रीहरुमा उपलब्ध गरि गृहविद्यालयमा परीक्षा केन्द्र कायम रहने गरि सञ्चालन गरिने छ ।

३२. अपाङ्गता भएका व्यक्ति तथा बैदेशिक रोजगारीमा काम गर्ने शिलशिलामा मृत्यु भएका परिवारका बालबालिकाहरुलाई शिक्षामा विशेष अवसर सुनिश्चित गरिनेछ ।

३३. शिक्षाको पहुँच विस्तार गर्ने, गुणस्तर बढाउने, संस्थागत क्षमता अभिवृद्धि गर्ने तथा आधुनिक शिक्षा पद्मति कायम गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३४. प्रयोग बिहिन स्थानिय सामग्रीहरु प्रयोग गरी शैक्षिक सामग्रीहरु बनाउने संस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न साझेदारी गरिनेछ ।

३५. लागु औषध दुर्व्यसनी न्युनीकरण गर्नका लागि स्थानीय तह-प्रहरी-विद्यालय सम्पर्क कार्यक्रम संचालन गरिनेछ ।

३६. विद्यालयको प्रशासनिक कार्यलाई छिटो छरितो र व्यवस्थित गर्न एक विद्यालय एक कम्प्युटर सेट प्रदान गरिनेछ ।

३७. शैक्षिक गुणस्तर अभिबृद्धि गर्नका निम्ति स्वयमसेवक शिक्षक भर्ना गरिनेछ ।

३८. CSE परियोजना अन्तर्गत हरित विद्यालय सम्बन्धी अभिमुखिकरण तथा व्यवस्थापन कार्यक्रम गरिनेछ।

३९. ICT सम्बन्धी शिक्षकहरुको तालिम स्थानीय शिक्षा योजना विकास तथा अद्यावधिक गरिने कार्यक्रम संचालन गरिनेछ।

## स्वास्थ्य र सरसफाई तथा पोषण

४०. नागरिकहरुलाई प्रदान गरिने स्वास्थ सेवाहरुलाई प्रभावकारी तथा व्यवस्थित गर्न आवश्यक न्यूनतम पुर्वाधार, मापदण्ड तथा आवश्यकताहरु परिपूर्ति गरिनेछ ।

४१. बालबालिकाहरुलाई प्रदान गरिने विभिन्न खोपहरुको नियमितता दिदै **पूर्णखोप सुनिश्चितता तथा दिगोपना** कायम राख्न आवश्यक व्यवस्था मिलाइनेछ ।

४२. बालबालिका, किशोरकिशोरी, गर्भवति तथा सुत्केरी महिलाहरुको पोषण अवस्था सुधार गर्दै **पोषणमैत्री स्थानीय शासन** प्रबर्द्धनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

४३. जनसमुदायहरुलाई टोल/समुदायमा नै स्वास्थ्य सेवाहरु पुऱ्याउन खोप तथा गाउँघर क्लिनिक बाट संचालन हुने सेवाहरुलाई नियमित र व्यवथित संचालनको लागी आवश्यक व्यवस्था हुनेछ ।

४४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई दिदै आएको प्रोत्साहन रकम वार्षिक जनही रु 12000/- लाई निरन्तरता दिदै स्वयंसेविकाहरुलाई स्वास्थ्य बीमामा आबद्ध गराउन प्रिमियम वापतको 50% रकम गाउँपालिकाले बेहोर्नेछ ।

४५. स्वास्थ्य आमा समुहलाई सकृय संचालन तथा शर्सत अनुदानबाट अपुग हुने महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रममा आवश्यक थप रकमको व्यवस्थापन गरि कार्यक्रम संचालन गरिनेछ ।

४६. स्वास्थ्य संस्थाहरुबाट सेवाग्राहिहरुलाई वर्षै भरि नि:शुल्क औषधि वितरणको लागी थप आवश्यक रकमको व्यवस्थापन गरिनेछ ।

४७. लक्ष्मीपुर पतारी जनस्वास्थ्य प्रयोगशाला नियमितताको लागी आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

४८. गाउँपालिका भित्र संचालित बर्थिङ्ग सेन्टरहरुको सेवा नियमित गर्दै २४सै घण्टा गुणस्तरीय सेवाको लागी आवश्यक व्यवस्थाहरु मिलाईनेछ । बर्थिङ्ग सेन्टरहरुमा थ्रिफेज बिद्युत आपूर्तिको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

४९. गर्भजाँच पटक बढाउन खरुक्याही स्वास्थ्य चौकीमा बाट गर्भवती महिलाहरुलाई निःशुल्क रुपमा दिदै आएको ग्रामिण अल्ट्रासाउण्ड सेवालाई विस्तार गरि अन्य वडाहरुबाट समेत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

५०. गर्भवतिहरुलाई सुरक्षित प्रसुति सेवाको लागी यस गाउँपालिकाभित्रका बर्थिङ्ग सेन्टर सम्म ओहरदोहर गर्ने नि:शुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ । गर्भवति, सुत्केरी तथा नवजात शिशुहरुको जाँच, उत्प्रेरणा तथा प्रोत्साहनको आवश्यक कार्यहरु गर्दै **पूर्ण संस्थागत सुत्केरी (जिरो होमडेलिभरी)** पालिका घोषणाको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

५१. क्षयरोग, कुष्ठरोग, औलो, कालाजार, कोभिड-१९ साथै अन्य विभिन्न सरुवा रोगहरु लगायत विविध कार्यक्रमहरु संचालन गरि जनस्वास्थ्य समस्याहरु लाई न्यूनिकरण गरिनेछ ।

५२. निजिक्षेत्र र गैह्रसरकारी संघ/संस्थाहरु संग सहकार्यको नितिलाई निरन्तरता दिइनेछ ।

५३. नागरिकहरुलाई मधुमेह, उच्चरक्तचाप जस्ता विभिन्न नसर्ने रोगहरुको नि:शुल्क जाँच र उपचारको लागि संघ तथा प्रदेश सरकारको समन्वयमा प्रबन्ध मिलाइने छ ।

५४. सिमान्तकृत, अतिगरीब, विपन्न, दलित नागरिकका घरपरिवारहरुलाई आवश्यक्ता अनुसार नि:शुल्क स्वास्थ्य बीमा गरिनेछ ।

५५. विभिन्न संघ/संस्थाहरु संग समन्वय र सहकार्य गरि जेष्ठ नागरिक स्वास्थ्य परिक्षण तथा उपचार शिविरहरु संचालन गरी लक्षित वर्गहरुलाई स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

५६. बिभिन्न स्वास्थ्य चौकीहरुबाट सुरक्षित गर्भपतन सेवा, OTC सेवा, किशोर किशोरी मैत्री तथा परिवार नियोजनका पाँच वटै सेवाहरु बिस्तार तथा व्यवस्थापन गरिदै लगिनेछ ।

५७. स्वास्थ्य संस्थाहरुबाट संचालन हुँदै आएको सेवा तथा कार्यक्रमहरु समय सापेक्ष प्रबिधिमैत्री बनाईनेछ ।

## कृषि विकास क्षेत्र

५८. चैते धान बालि प्रबर्धन कार्यक्रमलाई चैते धान बालि प्रबर्धन कार्यक्रम अन्तर्गत कृषकहरुको आर्थिक अवस्थामा सुधार गरिनेछ । साथै चैत्र देखि अषार महिना सम्म खाली रहेको जग्गामा चैते धानबाली लगाई जग्गाको पनि प्रयोगमा ल्याईनेछ ।

५९. माटो उपचार सिबिर कार्यक्रम निरन्तरता दिईनेछ ।तरकारी बिउ वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६०. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइने छ ।

६१. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशु पालनलाई- आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिने छ।

६२. तरकारी उत्पादनको लागि व्यावसायिक, करेसावारी, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिने छ ।

६३. मौसम पूर्वानुमानको लागि मेट्रोलोजी मेशिन सामाग्री JPWREE र पालिकाको साझेदारीमा स्थापना संचालन गरिनेछ।

## पशु विकास क्षेत्र

६४. घाँस खेति प्रबर्धन सम्बन्धि यस लक्ष्मीपुर पतारी गा.पा. अन्तर्गत रहेका पशु पालक कृषकहरु तथा पशु पालन गरेका पशुहरुमा हरियो घाँस खेतिमा सहयोग गरि बर्ष भरि हरियो घाँस उत्पादन गर्न लगाई दुध तथा मासु उत्पादनमा आत्मनिर्भर बनाउने ।

६५. पशु पालक कृषकहरु लाई जनचेतना कार्यक्रम किसानहरुलाई पशु पालन तथा बिमा सम्बन्धि तालिम गोष्ठीको माध्यमबाट जनचेतना कार्यक्रम संचालन गरिनेछ ।

६६. नश्ल सुधार कार्यक्रम-गाई/भैसि तथा बाख्रामा कृत्रिम गर्भाधान गाराई नश्ल सुधार कार्यक्रम संचालन गरिनेछ ।

६७. अनुदान कार्यक्रमः पशु पालन किसानहरुलाई ५०% अनुदानमा च्यापकटर वितरण गरि समयको बचत तथा दैनिक कार्यमा सहयोग पुग्ने कार्यक्रम संचालन गरिनेछ ।किसानहरुलाई दैनिक निःशुल्क रुपमा औषधि उपलब्ध गराईनेछ ।

६८. गाईबस्तुहरुलाई स्वस्थ तथा निरोगी राख्नलाई बिभिन्न किसिमका खोप कार्यक्रम संचालन गरिनेछ ।

६९. परजीबी नियन्त्रणका लागि पशु स्वाथ्य तथा परजीबी नियन्त्रण शिबिर संचालन गरिनेछ ।

७०. पशु बन्ध्याकरणको लागि ठुलो तथा साना बर्डीजो क्यास्टेटर मेशिन खरिद गरिनेछ ।

७१. रेबिज रोग नियन्त्रणको लागि रेबिज भ्याक्सिन खरिद गरि निःशुल्क रुपमा भ्याक्सिन लगाईनेछ ।

७२. पालिकाको साझेदारीमा व्यवसायिक माछा उत्पादन तथा बजारीकरण गर्न माछापालक कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

७३. माछा भुरा आपुर्ति व्यवस्थापनको लागि मत्स्य नर्सरी सुदृढीकरणको लागि आवश्यक अनुदान सहयोग उपलब्ध गराइनेछ ।

७४. गाउँपालिकाको साझेदारीमा व्यवसायिक बाख्रापालन, पशुपालन तथा दुग्ध उत्पादन तथा बजारीकरण गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

७५. पशुको उत्पादन तथा उत्पादकत्व अभिवृद्विको लागि नश्ल सुधार कार्यक्रम, अनुवांशिक श्रोतको संरक्षण, नविनतम नश्लको आयात तथा प्रवर्द्धन गरिनेछ ।

७६. स्वस्थ पशु अभियान अन्तर्गत भ्याक्सिनेसन कार्यक्रम तथा पशु विमालाई निरन्तरता दिइनेछ ।

## <u>महिला बालबालिका तथा ज्येष्ठ नागरिक</u>

७७. सीपयूक्त र व्यवसायमूखी बनाउन सीपमूलक क्षमता अभिवृद्धि जस्ता तालिम अन्तर्गत सेनेटरी प्याड, सिलाइकटाइ, कृषि तथा मुढा बनाउने सम्बन्धी तालिम दिइनेछ ।

७८. महिला अपाङ्ग ज्येष्ठ नागरिकहरु सम्बन्धी कार्यक्रम गरिनेछ ।

७९. बालबालिका सम्बन्धी ऐन, २०७५ अनुरुप बाल अधिकार समिति गठन प्रक्रियालाई सम्बन्धीत वडामा गठन गरिनेछ सोही अनुरुप बाल उद्धार कोषको गठन गरी परिचालन गरिने छ ।

८०. लैंगिक हिंसा निवारण कोषमा रकम छुट्याउन सोही अनुरुप लैंगिक हिंसा पीडित प्रभावित छनौट गरी कार्यन्वयन गर्ने तथा अनुगमन निरीक्षण गर्ने ।

८१. सामाजिक कुप्रथाको रुपमा रहेको घरेलु हिंसा, दाइजो प्रथा, दुर्व्यसन, मानव बेचविखन जस्ता कार्यसम्बन्धी सचेतनामूलक कार्य गर्ने ।

८२. बालअधिकार सम्बन्धी कानूनी सचेतना कार्यक्रम गर्ने ।

८३. समविकास तालिम सासूबुहारी माझ अन्तक्रिया कार्यक्रम गर्ने ।

८४. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाद्धारा संचालित समूह, समिति, संस्थाको अनुगमन निरिक्षण गर्ने ।

८५. ज्येष्ठ नागरिकलाई सम्मान कार्यक्रम गर्ने ।

८६. समूह समिति संस्थाहरुसँग भए गरेको कार्यको बारेमा चौमासिक रुपमा बैठक गर्ने ।

८७. अपाङ्गता भएका व्यक्तिहरुको लागि ह्विल चेयरको व्यवस्थाका साथै क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

## श्रम तथा रोजगार

८८. स्थानिय तहको रोजगार सेवा केन्द्रको रोजगार व्यवस्थापन सूचना प्रणाली बेरोजगारहरुलाई सूचिकृत गराई रोजगारी उपलब्ध गराईनेछ ।

८९. स्थानिय रोजगार सेवा केन्द्रले रोजगारदाता र रोजगारीको खोजीमा रहेकाहरूका बीच सम्पर्क स्थापित गर्न श्रम संसार पोर्टलको माध्यमबाट रोजगारी प्राप्तिमा सहयोग गरिनेछ ।

९०. वैदशिक रोजगारमा रहेका, फर्केका तथा विप्रेषणसहितको अबस्था जानकारीको लागि वैदेशिक रोजगारी प्रोफाईल तयारी गर्ने र श्रम बजारमा प्रवेश गर्ने युवा तथा बेदैशिक रोजगार वाट फर्किएका श्रमिकको सिप बिकासका लागि सिकर्मी, डकर्मी, पलम्बर, इलेक्ट्रीसियन, मोबाईल मर्मत, टायल मार्वल फिटिङ्ग, सिलाईकटाई तथा ब्यूटीपार्लर को तालिम प्रदान गरिनेछ ।

९१. श्रमिकको दुर्घटना विमाको व्यवस्था मिलाईनेछ साथै श्रमिकको हक, हित तथा सुरक्षा, न्यूनतम पारिश्रमिक र श्रम कानुनको परिपालना सुनिश्चित गरिनेछ ।

९२. वैदेशिक रोजगारी वाट प्राप्त विप्रेषनलाई उत्पादन मुलक क्षेत्रमा लगानी गर्न वित्तीय साक्षरता कक्षा सञ्चालन गरिनेछ साथै रोजगारी, सिप विकास र उद्यमशिलतासँग सम्बन्धित कार्यक्रमहरुको प्रभावकारिता अध्ययन गरी एकीकृत रुपमा कार्यान्वयन गरिनेछ ।

## आयुर्वेद स्वास्थ्य

९३. आयुर्वेद स्वास्थ्य निति प्रत्येक वडामा स्वस्थ जिवन जिउन तथा नसर्ने रोग प्रमेह, रक्तचाप, अम्लपित, क्यान्सर, कमला जस्ता रोगहरुबाट बच्न जनचेतना दिनको लागि स्वस्थ्यकर जिवन शैली कार्यक्रम संचालन गरिनेछ।

९४. सम्पुर्ण जनसमुदयलाई आयुर्वेद पद्वितको उपचार व्यवस्थापनको लागि आयुर्वेद औषधी खरिद गर्न थप बजेटको व्यबस्था गरिनेछ।

९५. यस गा.पा. अन्तर्गत ६ वटा वडा मध्ये कुनै एक वडामा आयुर्वेद विषेश सेवा दिनको लागि निःशुल्क आयुर्वेद स्वास्थय शिविर संचालन गरिनेछ।

९६. स्थानिय जनतालाई जडीबुटी परिच्यात्मक कार्यक्रम सबै वडामा संचालन गरी हामी गाउँघर, छरछिमेक, खेत खलियान स्थानीय रुपमा पाईने जडीबुटीहरु वारे जानकारी गराउन कार्यक्रम संचालन गरिनेछ।

९७. यस गा.पा.अन्तर्गत .पा६ वटा वडामा आयुर्वेद विशेष सेवा दिनको लागि गाउँघर शहरी क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।

९८. आम जनतालाई स्वच्छ जिवन जिउन उत्प्रेना गर्न र नसर्ने रोगबाट बाच्नको लागि प्रत्येक वडामा १ पटक स्वास्थ वृत तथा योग शिविर सेवा कार्यक्रम संचालन गरिनेछ।

९९. यस गा.पा. अन्तर्गत रहेका जनसमुदायलाई एक घर पाँच योग पाँच जडीबुटी वितरण तथा योग अभ्यास कार्यक्रम संचालन गरिनेछ।

१००. जेष्ठ नागरिकहरुलाई स्वास्थ्य सुरक्षा, जिवनयापन सरल तरिकाले निर्वाह गर्नको निम्ति तथा प्रशुती महिलाहरुको स्वास्थ्य सुरक्षा र शिशुहरुलाई कुपोषित हुनबाट बचाउनको लागि जेष्ठ नागरिक तथा स्थनपायी महिलाको लागि शिविर कार्यक्रम संचालन गरिनेछ।

**<u>वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन</u>**

१०१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको अक्षमता बढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने। न्यून हरित ग्यास उत्सर्जनलाई विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।

१०२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले बातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण )IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन )EIA) अध्ययन गरिनेछ।

१०३. खाली जग्गामा वृक्षारोपण, हरियालीप्र वर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ।

१०४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ।

१०५. भू सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन-, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ।

१०६. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्वतयारी, विपद् न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१०७. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोरमैला प्रशोधन केन्द्रलाई व्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइनेछ।

१०८. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

१०९. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रति कार्य तथा पुन उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

## <u>न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन</u>

११०. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ ।

१११. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

११२. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्राह प्रकाशन गरिनेछ।

११३. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

११४. न्यायिक समितिबाट सम्पादन हुने उजुरीहरुलाई निरुपण गर्न कानुनी सल्लाहकार व्यवस्थापन गरिनेछ।

११५. न्यायिक समिति सचिवालयमा ईजलासको व्यवस्था मिलाईनेछ।

## सामाजिक विकास

११६. दुर्घटना बढी भईरहेकोले यूवाहरुका लागि ट्राफिक सम्बन्धी सचेतनात्मक कार्यक्रम संचालन गराईनेछ।

११७. बेरोजगार महिला, यूवा, यूवतीहरुका लागि मोबाईल मर्मत सम्बन्धी सिपमुलक तालिम/कार्यक्रम संचालन गराईनेछ ।

११८. जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि सुशासन सम्बन्धी SMART प्रशासन, SMART कार्यालयको अबधारणा ल्याउनका लागि क्षमता विकास सम्बन्धी तालिम तथा कार्यक्रम संचालन गराईनेछ।

११९. लक्षित वर्गहरुका लागि विभिन्न तालिमहरु तथा जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।

**<u>राजस्व तथा आन्तरिक श्रोत परिचालन</u>**

१२०. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्वबाँडफाँड, अन्तरसरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

१२१. करको दर सम्भव भएसम्म न्यून गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्ब गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

१२२. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्‌धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरि करको दायरामा ल्याई आन्तरिक कर संकलन गरिनेछ।

१२३. बडा कार्यालयहरुसँग समन्वय गरी घरबहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घर धनी वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणालीको विकास गरिनेछ।

१२४. कर दाताहरुलाई आफुले तिर्नुपर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समय सीमा समयमै जानकारी दिन निजहरुको सेलनम्बरमा विद्‌युतिय प्रणालीद्‌वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

१२५. यस गाउँपालिका भित्र रहेका प्रत्येक वडा कार्यालयबाट कर संकलन गर्नका लागि सुत्र (SuTra) प्रणाली अनलाईन माध्यमबाट कर संकलन कार्य गरिनेछ।

**<u>पञ्जीकरणः</u>**

१२६. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको Biometric verification कार्यलाई १००% पुर्याउने लक्ष्य लिईनेछ ।

१२७. व्यक्तिगत घटना दर्तालाई शत प्रतिशत पुर्याउने लक्ष्य लिएकोछ ।

१२८. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप व्यवस्थित र सहज रुपमा वितरण गर्नको लागि वडा स्तरका कर्मचारीहरुलाई VERSP-MIS सम्बन्धि तालिमको व्यवस्था मिलाईनेछ ।

१२९. व्यक्तिगत घटना दर्ताको पूर्णता दिन बायोमेट्री रुजु शिविर संचालन कार्यलाई निरन्तरता दिईनेछ ।

## लघु उद्यम बिकास

१३०. गरिवि न्युनिकरणका लागी लघु उधम कर्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

१३१. यस कार्यक्रम मार्फत तालिम लिएका व्यक्तिहरुलाई उधमी बनाउन आवश्यक पहल गरिनेछ।

१३२. बिपन्न गरिब, दलित र उधमी बन्न चाहने व्यक्तिहरुलाई शिपमुलक तालिम संचालन गरिनेछ।

## खानेपानी, सरसफाई तथा स्वच्छता

१३३. लक्ष्मीपुर पतारी गाउँपालिकाभित्रका सबै समुदायमा सुरक्षित खानेपानीको पहुँचको लागि एक घर एक चापाकलको नीति अबलम्बन गरिनेछ ।

१३४. विभिन्न संघसंस्थाहरुको सहयोगमा खानेपानी तथा सरसफाई सम्बन्धी क्षमता अभिवृद्धि क्रियाकलापहरूको थालनी गरी संचालनमा ल्याइने छ ।

१३५. खुल्ला दिसामुक्त अवस्था कायम राख्ख घरायसी चर्पी निर्माणमा प्रोत्साहन दिनुका साथै सार्वजनिक चर्पी तथा सामुदायिक चर्पी निमार्ण कार्यलाइ अगामी आर्थिक वर्षमा कार्यान्वयनमा ल्याईनेछ र दिसाजन्य लेदो प्रशोधन प्लान्ट निर्माण कार्यलाई निरन्तरता दिई व्यवस्थापन गरिनेछ ।

१३६. खानेपानी, सरसफाई तथा स्वच्छताका क्रियाकलापहरुमा पेशागत स्वास्थ्य तथा सुरक्षाका उपायहरु) सुरक्षा ज्याकेट, मास्क, पन्जा, सेफ्टी हेलमेट .First Aid Kit, जुत्ता आदि (अवलम्बन गरिने छ ।

१३७. चालु आ.व .मा संचालित सामुदायिक विद्यालयहरुमा खानेपानी, सरसफाई तथा स्वच्छताका क्रियाकलापहरुलाई अगामी आ.व .मा पनि निरन्तरता दिइनेछ र सामुदायिक विद्यालय तथा समुदायमा गर्दै आएको स्वच्छता प्रवर्द्धनका क्रियाकलापहरुलाई अगामी आ.व .मा पनि निरन्तरता दिइनेछ र साथै सामुदायिक विद्यालयहरुमा सफा, स्वच्छ र हरियाली वातावरण बनाउने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**<u>सहकारी</u>**

१३८. सहकारी संघ संस्थाहरुको अनुगमन गरी सञ्चालनमा नभएका सहकारीलाई नियमन गरिनेछ ।

१३९. सहकारी संस्थाको अभिलेखीकरण तथा व्यवस्थापन गरी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

**<u>संस्थागत</u>**

१४०. दलित तथा सीमान्तकृत समुदायको सशक्तिकरण र क्षमता विकासमा विशेष जोड दिइनेछ ।

१४१. यस गाउँपालिका क्षेत्रभित्र छुवाछूत, जातीय भेदभावलाई उन्मूलन गर्ने कार्यक्रमहरु तय गरी लागू गरिनेछ ।

१४२. आदिवासी जनजातिको परम्परादेखि चलिआएको ज्ञान, सीप, कला, संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

१४३. मधेशी, मुस्लिम तथा पिछडा वर्ग एवम् अल्पसंख्यक समुदायको हकहितको संरक्षण, सम्बर्द्धन गर्दै सम्बन्धित वर्गको भाषा, कला, साहित्यलाई प्रवर्द्धन गरिनेछ ।

१४४. लागु पदार्थ दुर्व्यसन नियन्त्रण तथा मदिरा पसललाई नियमन गर्ने कार्य गरिनेछ ।

१४५. मन्दिर मस्जिद आदिको संरक्षण गरी लक्ष्मीपुर पतारीको धार्मिक तथा पर्यटन क्षेत्रको पहिचानमा जोड दिइनेछ ।

## विपद व्यवस्थापन

१४६. विपद्को अवस्थामा यातायात सेवा तथा बन्दोबस्ती व्यवस्थापन संयन्त्रको भरपर्दो व्यवस्था गरिनेछ र दुर्गम क्षेत्रसँगको पहुँच बढाइनेछ ।

१४७. खाद्यान्न, पानी, औषधी तथा अन्य राहत सामग्रीहरुको तत्कालै व्यस्थापन गरिनेछ ।

१४८. बाढी तथा अन्य प्रकोपहरुको पूर्वसूचना प्रणालीहरूलाई अद्यावधिक र स्तरोन्नति गरी प्रमुख प्रकोपहरूको तथ्याङ्क विश्लेषण र पूर्वानुमान गर्न सूचनामूलक सन्देशहरूको उत्पादन तथा प्रसारण गरिनेछ ।

१४९. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरूको स्थापना, विस्तार र त्यसको सञ्जालीकरण गरिनेछ ।

१५०. विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि संचार तथा प्रसार प्रणालीको प्रभावकारिता बढाउन आधुनिक विज्ञान तथा प्रविधि) Web Portal, Mobile Apps, SMS-CB, IVR) को उपयोग र प्रवर्द्धन गरिनेछ ।

१५१. विपद पश्चात आपत्कालिन रूपमा शिक्षा, स्वास्थ्य पोषण तथा खानेपानीको प्रबन्ध गर्ने कार्य सनिश्चित गरिनेछ ।

१५२. विपद् प्रभावित क्षेत्रमा भौतिक पूर्वाधार पुनर्निर्माण तथा मर्मत सम्भार गर्दा महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू र बालबालिकाको विशेष आवश्यकताको सम्बोधन गरिनेछ ।

१५३. विपद् पूर्व तयारी योजना निर्माण गरिनेछ ।

१५४. आगलागी र डढेलो नियन्त्रणका लागि स्थानीय समुदाय र सामुदायिक वन व्यवस्थापन समितिलाई चेतना अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।

१५५. यस गाउँपालिका क्षेत्रमा निर्माण हुने सार्वजनिक एवम् निजी संरचना भुकम्प प्रतिरोधी बनाइनेछ विपद् प्रतिकार्य योजनाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी समेतको सहकार्यमा विपद् प्रतिकार्य टिमहरुको निर्माण गरिनेछ ।

१५६. आगलागी, बाढी र हावाहुरी आदिबाट पीडित परिवारहरुलाई उचित राहतको व्यवस्था गरिनेछ ।

**<u>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</u>**

१५७. सस्थागत विकासका लागि सम्बन्धित सरोकारवालाहरु लाई क्षमता विकास सम्बन्धि तालिमहरु संचालन गरिनेछ ।

१५८. कर्मचारी व्यवस्थापन तर्फ यस गाउँपालिकामा आवश्यक पर्ने कर्मचारीहरु करार सेवामा लिई सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ ।

१५९. नागरिक वडापत्र समायानूकल अद्यावधिक गरी सूचना प्रविधिसँग जोडिनेछ ।

१६०. "मुस्कान सहितको सेवा "भन्ने मूल नारालाई अवलम्बन गरिनेछ ।

१६१. गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, प्रगति समिक्षा गर्ने, आवश्यक समन्वयात्मक बैठक गर्ने, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण मार्फत् सुशासन अभिबृद्धिमा जोड दिइनेछ ।

१६२. **<u>सूचना, सञ्चार तथा प्रविधि</u>**

१६३. “सूचना तपाईको अधिकार "भन्ने मर्मलाई कार्यान्वयन गरी सुशासन अभिबृद्धि गरिनेछ ।

१६४. गाउँपालिका प्रोफाइलको तथ्याङ्कलाई अद्यावधिक गरिनेछ ।

१६५. गाउँपालिकाको समग्र विकासमा सञ्चारकर्मीको सकारात्मक भूमिका हुने हुँदा सरोकारवाला पत्रकारहरुकै साझेदारीमा क्षमता विकास लगायतका कार्य सञ्चालन गरिनेछ ।

१६६. सुरक्षित र प्रविधिमैत्री गाउँपालिका निर्माणका लागि पालिकाका सबै बडाको मुख्य मुख्य चौक तथा नगरको केन्द्रमा फ्रि वाईफाई जडान गरिनेछ ।

१६७. सेवा प्रवाहलाई चुस्त दुरुस्त राखन सर्भरको व्यवस्था गरी सञ्चालनमा ल्याइनेछ ।

१६८. स्मार्ट सूचनापाटीको व्यवस्थालाई वृद्धि गरिनेछ ।

१६९. सम्पूर्ण वडालाई इन्टरनेटको सञ्जालबाट गाउँ कार्यपालिकाबाट नियमन गरिनेछ ।

१७०. सेवाग्राहीलाई सेवामा सहजता पुर्‍याउन गाउँ कार्यपालिकाको कार्यालयमा एउटा स्मार्ट हेल्प डेस्कको व्यवस्था गरिनेछ, जसमा सेवाग्राहीले स्वयं इन्टरनेट प्रयोग गरी आफुलाई आवश्यक सूचना लिने व्यवस्था मिलाइनेछ ।

१७१. स्थानीयस्तरमा प्रकाशन हुने पत्रपत्रिका, रेडियो तथा अनलाइन मिडियाको संरक्षण तथा सम्बर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

अन्त्यमा,

"**शिक्षा, कृषि, उद्यम, पर्यटन र पूर्वाधार, स्वस्थ र समृद्ध लक्ष्मीपुर पतारी गाउँपालिकाको आधार "** नारा सहित यस लक्ष्मीपुर पतारी गाउँपालिकाको दिगो विकासका लागि फरक फरक बिचारधाराका हामी जनप्रतिनिधिहरु, विकास साझेदार संस्थाहरु, पेशाकर्मी, नागरीक समाज, शिक्षक वर्ग, विद्यार्थी, सञ्चारकर्मीहरु, सरकारी कार्यालय, गैर सरकारी संस्थाहरु, दातृ निकायहरु तथा श्रमिक वर्गहरु हातेमालो गर्दै एक ढिक्का हुनुको कुनै विकल्प छैन । तसर्थ सम्पूर्ण लक्ष्मीपुर पतारी गाउँपालिकाबासीको अपेक्षालाई पुरा गर्ने विश्वासका साथ आर्थिक वर्ष २०८३/०८४ को नीति तथा वार्षिक कार्यक्रम प्रस्तुत गरेको छु । यो

नीति तथा कार्यक्रमको दिगो कार्यान्वयनमा सबै क्षेत्रबाट महत्वपूर्ण योगदान हुनेछ र कार्यान्वयन संगै गाउँपालिकाको दिर्घकालिन विकासको आधार स्तम्भ तयार हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

र अन्त्यमा यस गाउँपालिकाको विकासमा योगदान पुर्याउनु हुने सबै गाउँसभा सदस्य ज्यूहरु, सबै कर्मचारी मित्रहरु, सञ्चारकर्मी मित्रहरु सबैलाई हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु ।

धन्यबाद ।

चतुरानन्द ठाकुर

अध्यक्ष